नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

# प्रेस विज्ञप्ती

आज मिति २०८१ साल पौष २१ गते हुलाक सेवा विभाग, बबरमहलको आयोजनामा **"सूचना प्रविधिको उच्चतम प्रयोग भइरहेको वर्तमान परिवेशमा हुलाक सेवाको सान्दर्भिकता छ वा छैन"** विषयमा उपत्यकाव्यापी अन्तर सामूदायिक विद्यालयस्तरीय वादविवाद प्रतियोगिता सम्पन्न भयो। हुलाक सेवा विभागका महानिर्देशक श्री मनमाया भट्टराई पंगेनीको अध्यक्षतामा तमु बौद्ध सेवा समिति नेपालको भवन, अनामनगरमा भएको उक्त कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याल प्रमुख आतिथिको रूपमा उपस्थित हुनुभएको थियो।

विभागका निर्देशक श्री विशाल सापकोटाले कार्यक्रमको महत्व र सान्दर्भिकता बारे जानकारी गराउँदै कार्यक्रममा उपस्थित महानुभावहरूलाई स्वागत गर्नुभएको थियो भने निर्देशक श्री ध्रुवराज आचार्यले नेपालको हुलाक सेवाको परिचय, यसबाट प्रदान गरिने सेवाहरु, हुलाक सेवाका सवल पक्षहरु तथा यसका चुनौतीहरू विषयमा विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्यालज्यूले इ-कमर्श विस्तारको सुलभ, सर्वव्यापी र आम नागरिकको पहुँचयोग्य माध्यमको रूपमा हुलाकलाई स्थापित गर्नुपर्ने परिस्थिति अनिवार्य बन्दै गएको अवस्था चित्रण गर्दै वादविवाद कार्यक्रममा प्रतियोगीहरूले उठाउनुभएका मुख्य विषय, सवालहरूलाई नीति निर्माण, कानून नियम तयारी, हुलाक सेवाको व्यवसायिकता विस्तार जस्ता कार्यमा समेत उपयोग गर्ने गरी संग्रह गरेर एउटा राम्रो प्रतिवेदन बनाउन विभागका महानिर्देशक लगायत कर्मचारीहरूलाई निर्देशन दिनुभएको थियो।

विभागका शाखा अधिकृत श्री शालिकराम बस्याल संयोजक र सञ्चालक रहनु भएको उक्त वादविवाद कार्यक्रममा काठमाडौं, भक्तपुर र ललितपुर तीन वटै जिल्लामा रहेका २ महानगरपालिका सहितका १८ वटा नगरपालिकाबाट महानगरबाट कम्तीमा १ जना छात्रा सहित ३ जनासम्म र नगरपालिकाहरूबाट कम्तीमा १ जना छात्रा सहित २ जना सम्म सहभागी गराउने गरी आयोजना गरिएको उक्त कार्यक्रममा १४ वटा स्थानीय तहबाट जम्मा २७ जना प्रतिस्पर्धी विद्यार्थी सहभागी हुनुभएको थियो।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

# हुलाक सेवा विभाग

बबरमहल, काठमाडौँ

---

प्रतियोगिताको निर्णायक मण्डलमा हुलाक सेवा विभागका निर्देशक श्री विशाल सापकोटा संयोजक, साहित्यकार एवं समालोचक डा. शान्तिमाया गिरी र नेपाली भाषा विज्ञ श्री मातृका कार्की सदस्य रहनु भएको थियो। प्रत्येक सहभागीलाई जम्मा ५ मिनेट समय दिइएको वादविवाद प्रतियोगितामा सम्बोधनमा ५ अङ्क, पक्षको तर्कमा १५ अङ्क, विपक्षीको खण्डनमा १० अङ्क, बोली प्रवाह र स्पष्टतामा १० अङ्क, हाउभाउ र समय पालनामा ५ अङ्क र निष्कर्षमा ५ अङ्क गरी जम्मा ५० अङ्कका दरले ३ जना निर्णायकले मूल्याङ्कन गरी औसत प्राप्ताङ्कमा उच्च अङ्क हासिल गर्ने प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने प्रतियोगीलाई नगद पुरस्कार सहित सम्मान पत्र प्रदान गरिएको थियो। उक्त प्रतियोगितामा रू. १५ हजार नगद पुरस्कार सहित **काठमाडौं म.न.पा. को श्री ज्ञानोदय मा.वि** को कक्षा ९ मा अध्ययनरत छात्र श्री **सुदर्शन थापाले प्रथम** स्थान हासिल गरेका थिए भने रू १२ हजार ५ सय नगद पुरस्कार सहित **चाँगुनारायण न.पा.को श्री महेन्द्रग्राम मा.वि.**को कक्षा ९मा अध्ययनरत छात्रा श्री सृजला दुलालले द्वितीय स्थान हासिल गरेका थिए। त्यसै गरी रू १० हजार रू १५ हजार नगद पुरस्कार सहित **सूर्य विनायक न.पा.को श्री गणेश मा.वि.**को कक्षा १० मा अध्ययनरत छात्रा श्री **रोजिना शाहीले** तृतीय स्थान हासिल गरेका थिए भने रू ७ हजार ५ सय नगद पुरस्कार सहित **भक्तपुर न.पा.को श्री बासु मा.वि.को कक्षा** १०मा अध्ययनरत छात्रा श्री **प्रतिक्षा शाहीले** सान्त्वना स्थान हासिल गरेका थिए। यसका साथै कार्यक्रममा सहभागी प्रत्येक विद्यार्थीलाई सहभागिताको प्रमाण पत्र प्रदान गरिएको थियो।

उक्त कार्यक्रममा उपस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, सहसचिवहरू, मुद्रण विभाग/सूचना तथा प्रसारण विभाग/सूचना प्रविधि विभागका महानिर्देशकहरू, फिलाटेलिक सोसाइटीका प्रतिनिधिहरू, विभिन्न स्थानीय तह/विद्यालयका प्रतिनिधिहरू, हुलाक सेवा विभाग र अन्तर्गतका कार्यालयहरूका कार्यालय प्रमुख लगायतका कर्मचारीहरू, राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन, गोरखापत्र संस्थान, रेडियो नेपाल लगायतका सञ्चार क्षेत्रका प्रतिनिधिहरू सहित सम्पूर्ण उपस्थित महानुभावहरूलाई सहभागिताको लागि विभागका महानिर्देशक श्री मनमायाँ भट्टराई पंगेनीले हार्दिक धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो।

..................
प्रवक्ता
विशाल सापकोटा
हुलाक सेवा विभाग

मितिः २०८१ पौष २१ गते